# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, भदौ १५ गते २०४५ साल (अतिरिक्ताङ्क २९

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४५ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्। ३५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## लालमोहर ऐन, २०१५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः लालमोहर ऐन, २०१५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "लालमोहर (सातौं संशोधन) ऐन, २०४५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. लालमोहर ऐन, २०१५ को दफा ३ मा संशोधनः लालमोहर ऐन, २०१५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को खण्ड (क) मा रहेका "र विदेशको लागि शाही राजदूतको नियुक्ति पत्रमा" भन्ने शब्दहरू झिकिएका छन् ।

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को उपदफा (१) को अन्त्यमा रहेको व्याख्याको प्रकरण झिकिएको छ ।

४. मूल ऐनको दफा ४क. मा संशोधनः मूल ऐनको दफा ४क. मा रहेका "विधेयकको पाँच प्रतिमा" भन्ने शब्दहरूको सट्टा "विधेयकको छ प्रतिमा" भन्ने शब्दहरू र "विधेयकका सबै प्रतिहरूमा सोही व्यहोरा जनाई मौसूफका प्रमुख सचिवले" भन्ने शब्दहरूको सट्टा "विधेयकका सबै प्रतिहरूमा मौसूफका प्रमुख सचिवले" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल एनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को,–

(१) उपदफा (२) मा रहेका "क्याबिनेट सेक्रेटरीकहाँ वापस आउनेछ र क्याबिनेट सेक्रेटरीले" भन्ने शब्दहरूको सट्टा "मन्त्रिपरिषद् सचिवालयमा पठाइनेछ र मन्त्रिपरिषद् सचिवालयले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) दफा ४क. बमोजिम विधेयकमा लालमोहर लागिसकेपछि सो लालमोहरको बाजाफता नक्कल एक प्रति राष्ट्रिय पञ्चायत सचिवालयमा पठाइनेछ ।"

लालमोहर सदर मितिः– २०४५।५।१५।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

३८६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।